आज मिति २०८१ साल फाल्गुण महिना १ गतेका दिन यस ससकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो।

| क्र. स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद ढकाल | नगर प्रमुख | |
| २ | रिता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | |
| ४ | जाहिर हुसेन | वडा अध्यक्ष | |
| ५ | देवकान्त गोजेवार | वडा अध्यक्ष | |
| ६ | जय राम खंग | वडा अध्यक्ष | |
| ७ | गोसाई चौधरी | वडा अध्यक्ष | |
| ८ | नन्दी लाल चौधरी | वडा अध्यक्ष | |
| ९ | जितन चौधरी | वडा अध्यक्ष | |
| १० | केदार प्रसाद साह | वडा अध्यक्ष | |
| ११ | राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | |
| १२ | हरी लाल साह | वडा अध्यक्ष | |
| १३ | डोलेश्वर खड्गा | वडा अध्यक्ष | |
| १४ | मनो कुमारी चौधरी | का.पा. सदस्य | |
| १५ | प्रभा कुमारी चौधरी | का.पा. सदस्य | |
| १६ | संझा कुमारी चौधरी | का.पा. सदस्य | |
| १७ | शान्ति देवी यादव | का.पा. सदस्य | |
| १८ | संजु देवी चौधरी | का.पा. सदस्य | |
| १९ | राजेन्द्र वि.क. | का.पा. सदस्य | |
| २० | रमेश प्रसाद साह | का.पा. सदस्य | |
| २१ | ललिता देवी खड्ग | का.पा. सदस्य | |
| २२ | रामदेव चौधरी | सदस्य सचिव | |
| २३ | रण ब० मगर | प्र० अ० | |
| २४ | राजन कंडेल | | |
| २५ | किशोर कु. यादव | योजना प्रमुख | |

प्रस्तावहरू

१. कार्यपालिका बैठक समीक्षा सम्बन्धमा।
२. नगर खेलकुद विकास समितिको वार्षिक कार्ययोजना स्वीकृति सम्बन्धमा।
३. LISA र FRA को नतिजा सार्वजनिकीकरण सम्बन्धमा।
४. नदीजन्य पदार्थ उत्खनन तथा बिक्री सम्बन्धमा।
५. कार्यविधि तयारी सम्बन्धमा।
६. योजना कार्यान्वय स्थल एकिन गर्ने सम्बन्धमा।
७. मुद्दा प्रतिरक्षा खर्च सम्बन्धमा।

निर्णयहरू

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा विस्तृत छलफल तथा समीक्षा गरियो।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा नगर खेलकुद विकास समितिको तपसिल बमोजिम वार्षिक कार्ययोजना स्वीकृत गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

| सि.नं. | कार्यक्रम | बजेट | क्रियाकलाप | अनुमानित बजेट | अनुमानित अवधि |
|---|---|---|---|---|---|
| १. | नगर खेलकुद विकास कार्यक्रम | २५ लाख | खेलकुद सामग्री खरिद तथा वितरण | २ लाख | फाल्गुन महिना |
| २. | | | क्रिकेट प्रतियोगिता | ३ लाख ५० हजार | फाल्गुनको अन्तिम हप्ता |
| ३. | | | ब्याडमिन्टन प्रतियोगिता | ५ लाख | चैत्रको दोस्रो हप्ता |
| ४. | | | फुटबल प्रतियोगिता | ११ लाख | वैशाखको पहिलो हप्ता |
| ५. | | | कार्यालय व्यवस्थापन तथा बैठक भत्ता | १ लाख | |
| ६. | | | खेलकुदका विभिन्न प्रतियोगितामा सहभागी जनाउन जाँदा विभिन्न तालिम, गोष्ठी र विभिन्न प्रतियोगिता सञ्चालन सम्बन्धी माग भई आएमा सहयोग खर्च | २ लाख ५० हजार | |

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) तर्फ ८४.५ र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) तर्फ ८१.५ प्राप्त भएको हुँदा नतिजा सार्वजनिकीकरणको आवश्यक कार्य गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाबाट नदीजन्य विपद् रोकथामका लागि गंगाजली र मलेठ खोलाको नदीजन्य पदार्थ सङ्कलन तथा बिक्रीका लागि ३ पटक शिलबन्दी बोलपत्र आह्वान गरिएकोमा कुनै पनि बोलपत्र पेश नभई ठेक्का व्यवस्थापनको कार्य हुन नसकेको हुँदा नदीजन्य पदार्थ अमानतमा बिक्री तथा व्यवस्थापनका लागि आवश्यक प्रतिवेदन पेश गर्नका लागि तपसिल बमोजिम समिति गठन गर्ने र सो सम्बन्धी आवश्यक कार्यविधि तयार गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

तपसिल:

१) दिपेन्द्र साह, प्रशासन अधिकृत संयोजक
२) लोकेशचन्द्र पैकरा, इन्जिनियर सदस्य
३) कविता बस्नेत, लेखा अधिकृत सदस्य
४) किशोर कुमार यादव, योजना अधिकृत सदस्य
५) सुवास चौधरी, राजश्व शाखा सदस्य

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा कन्टिन्जेन्सी खर्च व्यवस्थापन सम्वन्धी कार्यविधि तयार गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा पर्यटन विकास कार्यालय, लहान, सिराहावाट योजना कार्यान्वयनका लागि स्थल एकिन प्रयोजनका लागि अनुरोध भई आएकोमा आ.व. ०८१/८२ को स्वीकृत वार्षिक योजना शीर्षक नं. ११.४.२२.३१८१ ससकोशी ५ धर्मशाला निर्माण, ससरी कार्यान्वयनका लागि वडा नं. ५ स्थित पूर्वमा आधारभूत विद्यालय, पश्चिममा पार्क निर्माण स्थल, उत्तरमा निर्माणाधीन पन्ध्र शैय्याको आधारभूत अस्पताल र दक्षिणमा गौचर रहेको पूर्व पश्चिम २७/२७ मिटर, उत्तरतर्फ १३.८० मिटर र दक्षिणतर्फ १४.२० मिटर कायम १ कठ्ठा खाली जग्गा र योजना शीर्षक नं. ११.४.२२.३३८० ससकोशी न.पा. २ मा सांस्कृति सङ्ग्रहालय निर्माण कार्य, ससरी कार्यान्वयन प्रयोजनका लागि ससकोशी नगरपालिका वडा नं. २ स्थित तीनकुने टोलमा रहेको डिहिबार बाबा मन्दिरको स्वामित्वमा रहेको पूर्व तर्फ ३ मिटर पश्चिम तर्फ १८.५० मिटर, उत्तर तर्फ ३६.५० मिटर र दक्षिण तर्फ ३६.४० मिटर रहेको १ कठ्ठा ३ धुर क्षेत्रफलको खाली जग्गा छनौट गरी पत्राचार गर्ने निर्णय सर्वसम्मतिवाट पारित गरियो।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका, नगरपालिकाका पदाधिकारी तथा कर्मचारीद्वारा नगरपालिका पक्ष भई दायर गरिने मुद्दा र नगरपालिका, नगरपालिकाका पदाधिकारी तथा कर्मचारीका उपर अन्य पक्षले दायर गर्ने मुद्दामा उक्त मुद्दाको प्रतिरक्षा गर्न, तारेखमा रही मुद्दाको पुर्पक्ष समेत गर्नका लागि मुद्दा प्रतिरक्षा खर्च बापत प्रति मुद्दा रू. १५ हजारका दरले सम्बन्धितलाई भुक्तानी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।